# लम्कीचुहा नगरपालिका
## आठौं नगरसभा अधिवेशनमा प्रस्तुत
### आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम

**नगरको समृद्धि : कृषि सडक पूर्वाधार**
**स्वास्थ्यमा प्राथमिकता : शिक्षा र रोजगार !!**

**नगरसभा बैठकका अध्यक्ष ज्यू,**
**सभाका सचिवज्यू,**
**सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**
**नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु,**
**पत्रकार मित्रहरु,**
आदरणीय लम्कीचुहा नगरवासि आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरु,

प्रथमत : सुदुरपश्चिम प्रदेशको प्रवेश बिन्दुमा अवस्थित देशकै उदयमान नगर यस लम्कीचुहा नगरपालिकाको सम्मानित आठौं नगरसभा अधिवेशनको पहिलो बैठकमा उपस्थित यहाँहरु सम्पूर्णलाई हार्दिकताका साथ स्वागत ज्ञापन गर्न चाहन्छु ।
लम्कीचुहा नगरपालिकाको ऐतिहासिक आठौं नगरसभाको अधिवेशनसम्म आईपुग्दा विगतका नगरसभाहरुद्धारा पारित नीति, कार्यक्रम, योजना तथा बजेटलाई कार्यान्वयन गरेर नगर समृद्धिको जनआकांक्षा पुरा गर्नका निम्ति जनादेश प्राप्त गरेको स्वर्णीम ऐतिहासिक दिनदेखि आज सम्मानित आठौं नगरसभा अधिवेशनमा उपस्थित भएको यो गर्विलो घडीसम्ममा विकास र सकारात्मक परिवर्तनको गतिलाई अतुलनिय योगदान पुर्‍याउनुहुने नगरसभाका सवै सदस्य ज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।
यस अवसरमा विभिन्न कालखण्डमा राष्ट्रिय स्वाधिनता र स्वाभिमानको लडाई, राजनितिक,सामाजिक एवं आर्थिक परिवर्तनको लडाई तथा समानता र सामाजिक न्यायको लडाईमा आफ्नो अमुल्य जिवनको बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली र जनयुद्ध जनआन्दोलनका घाईते अपाङ्ग बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । साथै आफ्नो दक्षता र योग्यता अनुरुप देशको सामाजिक, सास्कृतिक, राजनैतिक एवं आर्थिक रुपान्तरणको कार्यभार पुरा गरी देशलाई समृद्धिको बाटोमा डोर्‍याउन नेतृत्वदायी भुमिका खेल्नुहुने सम्पुर्ण नेताहरु, नागरिक समाज संञ्चार जगत र सम्पुर्ण नगरबासी जनसमुदायलाई उच्च सम्मानका साथ प्रशंसा गर्दै बधाई तथा धन्यबाद ज्ञापन गर्दछु ।
यसका साथै लम्कीचुहा नगरपालिकालाई नमुना नगरपालिका बनाउन प्राप्त जनादेशलाई सिरोधार्य गर्दै आफ्नो राजनैतिक जिवनको यात्रामा जनहित र नगर समृद्धिको निम्ती अहोरात्र खटिरहने मेरो अठोट कदमलाई विकासका पाईलाहरुसंग जनतासामु पुर्‍याईदिनुहुने र रचनात्मक सुझावमार्फत हौसला प्रदान गर्नुहुने सञ्चारकर्मी मित्रहरुलाई पनि हार्दिक धन्यबाद ज्ञापन गर्दछु । विगतका नगरसभामा मैले प्रस्तुत गरेका विकासका योजनाहरु लाई मुर्तरुप दिनका लागि नगरवासी जनताको एकदमै प्रशंसनीय सहभागितालाई जिवन्त स्मरण गरिरहनेछु । स्थानिय तहको निर्वाचन अन्तर्गत लम्कीचुहा नगरपालिकामा निर्वाचित भई पदभार समालेको पाचौं बर्षगाठमा प्रवेश गर्दा नगरवासीले दिएको सौर्हादपुर्ण साथ अनि सौगातपुर्ण माया र ममताबाट प्रेरित भई नगरलाई एकिकृत दिगो विकासको बाटोमा अघि बढाई नगरको गौरवलाई उच्च राख्न आर्थिक बर्ष २०७८/ ०७९ को निति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्नपाउदा एकदमै हर्षविल्लभ भएको छु ।
स्थानीय तहको निर्वाचन पछि लम्कीचुहा नगरपालिकाको आठौं नगरसभा अधिवेशनमा नीति तथा कार्यक्रम पेश हुँदैछ । अघिल्लो बर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मूर्त रुप दिनको लागि लम्कीचुहा नगरपालिकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सहयोग गर्नु हुने सिंगो जनप्रतिनिधिको टिम, कर्मचारी संयन्त्र स्थानीय राजनीतिक दल, बुद्धिजिबी, स्वयंसेवी,नागरिक समाज र आमसंचारको भूमिका अझ महत्वपूर्ण

नै छ । यि सवै पक्षलाई ध्यान दिई नेपालकोसंविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विभिन्न विषयगत कानूनहरु, लम्कीचुहानगरपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम,प्रदेश सरकारको निति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य र विभिन्न राजनितिक दलका प्रतिनिधि, संघ/संस्था तथा संगठनका प्रतिनिधि लगायतका समाजसेवि बुद्धिजिवीहरुको सुझावहरु समेतलाई संकलन गरी आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । नगरबाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साझेदारी, सम्प्रेषण र अनुगमनलाई मूख्य आधारबनाई कार्यान्वयन गर्नका लागि लम्कीचुहा नगर सरकारले दुरदृष्टिका साथ अगाडी बढ्ने लक्ष्य लिएको छ ।

सन् २०२० को प्रारम्भमा देखापरेको कोभिड -१९ को महामारीले हाम्रो विकास र समृद्धिको यात्रालाई गम्भीर रुपमा प्रभावित गरेको छ कोभिड महामारी र सोको रोकथाम र नियन्त्रण गर्न बाध्यतावश अवलम्बन गरिएका क्रियाकलापले गर्दा धेरै नगरवासीको काम र रोजगारी गुमेको छ संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि गरिएको अथक प्रयासका वावजुद पनि करिव २० जना नगरवासिले अकालमै ज्यान गुमाउनु परेको छ । यस महामारिबाट मृत्युवरण गर्नुहुने नगरवासि हरुप्रति हार्दिक श्रद्धाजली अर्पण गर्दै मृतकका परिवारजनमा समबेदना ब्यक्त गर्दछु र संक्रमित बिरामीको शिर्घ्र स्वास्थ्य लाभको कामना गर्दछु । **कोरोना भाईरस (कोभिड-१९)** को महामारीको मारमा थलापरिरहेको विश्व अर्थतन्त्र त्यसमाथि विकासशिल राष्ट्रहरुको अत्यन्तै संकटकालिन अवस्थाबाट गुज्रिरहेको आजको यो समयमा विकासको गतिलाई निरन्तरता दिनु र राष्ट्रिय अर्थतन्त्रलाई जिवन्त बनाईराख्नु एकदमै चुनौतिपुर्ण रहेको छ विगतका गौरवगाथामा मात्र रमाईरहने बानिको परित्याग गरि सुन्दर भविश्य निर्माणको निम्ति आफुमा भएको सिप, दक्षता एवं योग्यताको भरपुर उपयोग गर्न सक्नुनै आजको आवश्यकता हो **"सुखी नेपाली समृद्ध नेपाल"** को महत्वकांक्षी नारा बोकेर कार्य सम्पादन गरिरहेको संघिय सरकार र प्रदेश सरकारको समन्वयकारी भुमिकाको सहयोग तथा साथमा यस नगरक्षेत्रभित्र स्वच्छ खानेपानी, फोहोरमैला व्यवस्थापन, कृषिमा आधुनिकिकरण, पर्यटकीय क्षेत्रको विकास, उर्जा आपूर्ति, सूचना प्रविधि, सिचाई, पुल, सडक कालोपत्रे, विद्युत, शिक्षा, यातायात, नदी कटान व्यवस्थापन, साँस्कृतिक सम्पदाको संरक्षण लगायत महिला, दलित, अपांग, बालबालिका, जनजाति, जेष्ठ नागरिक, मधेशी, मुस्लिम र युवा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न र विकासका योजनाहरुलाई एकिकृत योजनाका साथ सम्बोधन गरी अगाडि बढने योजना बनाएको छु ।

लम्कीचुहा नगरलाई सर्वाङ्गीण दिगो विकास र समृद्धिको मार्गमा द्रुत गतिमा अघि बढाई समाजवाद उन्मुख राष्ट्र निर्माणको कार्यमा एक आपसमा हातेमालो गर्दै शसक्त ढंगले एकताबद्ध तरिकाले आ-आफ्नो भुमिका र स्थानबाट सहयोग गरिदिनहुन सम्पुर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दै नगरपालिकाको चालु आर्थिक वर्षको समिक्षा तथा आगामी आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम बनाउँदा एकिकृत विकासको नारालाई बृहत्तर योजनामा समाहित हुने गरि सोहि अनुसारका नीति तथा कार्यक्रमहरु यस गरिमामय नगर सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७७/०७८ को छैठौं नगरसभा अधिवेशन स्वीकृत भएका नीति कार्यक्रम तथा बजेटको सारसंक्षेप चालु आर्थिक वर्षमा स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रगति विश्व महामारीको रुपमा रहेको कोरोना भाईरस (कोभिड-१९) को संकटपूर्ण प्रभावका कारण हामीले लिएको लक्ष्य अनुरुप उपलब्धी हासिल गर्न सकेनौ । यसका साथै विश्व जगत आक्रान्त भईरहेको यस संवदनशिल घडिमा पनि नगरपालिकाका कार्यक्रमिक योजनाहरुलाई प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाको सिंगो टिम अहोरात्र खटि जीवन पुरै जोखिम राखेर सेवा प्रवाह गरि रहेका छौं । यस्तो महामारीको बेला पनि सेवा प्रवाहमा निरन्तर लागि पर्नु हुने म लगायत नगर उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा समितिका सदस्य, नगरपालिकाका सम्पूर्ण कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राजनितिक दल, नागरिक समाज, संचारकर्मी लगायतका सरोकारवाला सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

**अध्यक्ष महोदय,**

सर्वप्रथम म चालु आर्थिक वर्ष २०७७७८ को नगरपालिकाबाट संचालन भएका विषयगत क्षेत्रका नगर गौरवका योजनाहरुलाई संघिय सरकार तथा संघिय संसदका माननीय, प्रदेश सरकार तथा प्रदेश सरकारका माननीय एवं जिल्ला समन्वय समिति कैलालीको अतुलनिय सहयोग रहेको छ म सहयोगी तह र तप्का सबैलाई



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । साथै, चालु आर्थिक वर्षमा कार्यान्वयन भईरहेका योजनाहरुको समिक्षागत प्रगति प्रस्तुत गर्न चाहान्छु ।

१. लम्कीचुहा नगरपालिका वडा नं. १० स्थित जनता अस्पतालको पहिलो तला निर्माणको कार्य सम्पन्न भएको छ र संघिय सरकारबाट प्राप्त दोस्रो तला भवन निर्माण लगायतका कार्य गर्नका लागि एकतिस करोड अन्ठाउन्न लाख बराबरको टेण्डर सम्झौत्ता भई आगामी आर्थिक वर्षभित्र उक्त अस्पताल निर्माण कार्य सम्पन्न हुने भएको छ ।

२. लम्कीचुहा नगरपालिका वडा नं. २ भल्कामा लम्कीचुहा नगरपालिकाले आफ्नो आन्तरिक श्रोतबाट १५ शैंयाको लम्कीचुहा अस्पताल संचालनमा ल्याई नागरिकहरुलाई सेवा सुविधा सहितको सेवा प्रवाह भईरहेको छ र तत्काल अक्सिजन प्लान्ट जडान गरी सघन उपचार कक्ष तथा भेन्टीलेटर सहितको सेवा विस्तार गरिनेछ ।

३. लम्कीचुहा नगर क्षेत्रभित्र करिब २१ कि.मी. सडक कालोपत्रे भईसकेको छ र करिब २५ कि.मी. सडक कालोपत्रे आगामी आर्थिक वर्षमा प्रारम्भ भई क्रमागत योजनामा समावेश गरी सम्पन्न गरिनेछन ।

४. लम्कीचुहा नगरपालिकाको विशेष पहलमा राष्ट्रिय गौरवको आयोजना अर्न्तगत रानिजमरा कुलरिया सिचाई आयोजना मार्फत नगर क्षेत्रका सबै नदिहरुमा स्थानीय जोखिम नियन्त्रणका लागि दिगो तटबन्धनको कार्य प्रभावकारी रुपमा संचालन भई रहेको छ उक्त तटबन्धन कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न हुनेछ ।

५. लम्कीचुहा नगरपालिका वडा नं. ३ डुडेझारीमा औद्योगिक ग्रामको यथाशिघ्र कार्यान्वयनमा विशेष पहल गरिनेछ ।

६ विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि नगरका सबै नागरिकहरुका लागि कोभिड खोपको प्रबन्ध गरिनेछ ।

७ बचेला डमरिया खानेपानी आयोजना निर्माण कार्य जारी रहेको छ आगामी आर्थिक वर्षभित्र उक्त खानेपानी आयोजना संचालनमा ल्याउन क्रमागत रुपमा बजेटको व्यवस्था गरेको छु । साथै नगर क्षेत्रका अन्य खानेपानी आयोजना हरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ आगामी आर्थिक वर्षभित्र कतिपय खानेपानी आयोजनाहरु सम्पन्न गरिनेछन ।

८. नगरपालिकामा रहेका सवै सामुदायिक विद्यालयका भवन, शौचालय खेलमैदान, डेष्क, बेन्च, रङ्ग, रोहन, स्वच्छ वातावरण लगायतका सम्पुर्ण भौतिक पुर्वाधारहरुको हरुको एकिकृत लागत स्टमेट बनाई निर्माण कार्य आगामी बर्षभित्र सम्पन्न गरिनेछ ।

९.लम्कीचुहा वडा नं.२ र ५ मा रहेको नगर गौरवको योजना मोहनलाल नगर उद्यानको पर्यटन पुर्वाधार साझेद्धारी अन्तर्गतको योजनाको बोलपत्र आवहानको कार्य भईसकेको र उक्त कार्य आगामी आर्थिक बर्षभित्र सम्पन्न गरी डिपिआर बमोजिमका थप कार्य निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१०.लम्कीचुहा वडा नं. ३ बलचौरमा रहेका अव्यवस्थित वादी बस्तीमा सुरक्षित आवास निर्माण कार्यक्रमलाई आवश्यक बजेटको व्यवस्था गरी आगामी आर्थिक बर्षभित्र सम्पन्न गरिनेछ ।

११. लम्की आधुनिक बसपार्कको निर्माण कार्य सम्पन्न भई बसपार्कको उद्‌घाटन समेत भई सकेको छ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७८/०७९ वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणका आधारहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

## वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणका आधारहरु :

१ नेपालको संविधान २०७२ को अनुसुचि ८ र ९ मा व्यवस्था भएका स्थानिय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु एवं राज्यको निर्देशन सिद्धान्त र नीतिहरु,
२ संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
३ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्य वित्तिय नीतिहरु ।
४ स्थानिय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था,
५ प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ,
६ नगर कार्यपालिकाको आयोजनामा स्थानिय राजनितिक दल, समाजसेवी, बुद्धिजिवी तथा संघ संस्थाका प्रतिनिधिहरुबाट आएका नीतिगत सुझावहरु,
७ टोलबस्ती तथा वडा भेलाबाट प्राथमिकिकरण गरी आएका योजनाहरु,



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

८ विषयगत समितिको बैठकबाट आएका महत्वपूर्ण नीतिगत विषयहरु,
९ राजश्व परामर्श समितिको बैठकका निर्णयहरु,
१० हालसम्मका नगरसभाहरुले पारित गरेका निर्णयहरु,
११ अन्तर सहकारी वित्त व्यवस्थापन ऐन, २०७४
१२ बजेट तर्जुमा दिग्दर्शन २०७४,
१३ स्थानीय स्रोत साधन,
१४ विकासका अन्तरसम्बन्धित विषयहरु

यस संगै आर्थिक वर्ष २०७८/०७९ मा कार्यान्वयन हुने वार्षिक नीतिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

## नगर विकास कार्यक्रमका नीतिहरु

१ नगरबासी नागरिकलाई स्वास्थ्य सेवामा पहुच पुर्‍याउनका लागि लम्कीचुहा नगरपालिकाद्धारा संचालित लम्कीचुहा अस्पतालमा अक्सिजन प्लान्ट, आईसुलेशन बेड र भेन्टीलेटर सहितको आधुनिक सेवा सुविधा सहित अस्पतालको स्तर उन्नतिका गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२ लम्कीचुहा नगरक्षेत्र भित्र लामो समयदेखि अव्यवस्थित बसोवास गरी जविनयापन गरी रहेका सुकम्बासी, मुक्तकमैया, बादी समुदाय, भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा सोनाह जातीका मानिसहरुलाई उचित किसिमको बस्ती व्यवस्थापन सहित आगामी आर्थिक वर्षभित्रै जग्गाधनि पुर्जा वितरण गरिनेछ ।

३ लम्कीचुहा नगर क्षेत्रभित्र आगामी आर्थिक वर्षमा करिब २५ कि.मी सडक कालोपत्रे योजनालाई टेण्डर प्रक्रियामा लिई कार्य प्रारम्भ गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

४ सामुदायिक विद्यालय आधारभुत तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५ कोरोना भाईरस (कोभिड-१९) को नियन्त्रण तथा रोकथामका लागि कोरोना परीक्षणलाई कार्यलाई निरन्तरता दिई खोप व्यवस्थापनका लागि विशेष पहल गरिनेछ ।

६ साना उद्यमी तथा निम्न वर्गका नागरिकहरुलाई पाच प्रतिशत व्याजदरमा ऋण उपलब्ध गराउन **सहकारीलाई अनुदान : उद्यमीलाई ऋण** कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७ सहकारी साझेदारी कार्यक्रम अर्न्तगत निम्न वर्गका नागरिकहरुलाई टेवा पुर्‍याउने उदेश्यले नगर क्षेत्रभित्र सुपथ सहकारी खाद्यान्न पसल स्थापना गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८ **उत्पादनसंग रोजगारी** भन्ने मुल नारालाई आत्मसात गरी गरिबीको रेखामुनी रहेका नगरबासीहरुलाई सामुहिक खेति प्रणालीको अवधारणा अर्न्तगत करिब पचास विगाह बाँझो जग्गामा आधुनिक फलफुल खेति लिच्चि र कागतिको उत्पादनका लागि **नगरपालिका किसान सहकारी साझेदारी कार्यक्रम संचालन गरिनेछ** ।

९ किसानहरुको व्यवसायीक तरकारी खेतिको उत्पादनलाई बजारीकरण गर्न सहकारी साझेदारी कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१० घर निर्माण गर्दा वा घर नक्सा पास गर्दा महेन्द्र राजमार्ग क्षेत्रको किनारबाट १०२ फिट र नगर क्षेत्र भित्रको लिंक (भित्री) सडक क्षेत्रको किनार देखि १० (दश) फिट जग्गा छोडेर घर निर्माण गर्नुपर्नेछ । घर नक्सा पास गरेर मात्र घर निर्माण कार्यको सुरुवात गर्नुपर्ने नीति लागु गरिनेछ साथै घर नक्सा पास नगरी निर्माण भएका घरहरुको अनिवार्य अभिलेखीकरण गर्नु पर्नेछ ।

११ नगर क्षेत्रभित्र रहेका भुमिहिन सुकुम्बासी, भुमिहिन दलित (हालसम्म देशको कुनै पनि ठाउमा कुनै पनि प्रकृतिको जग्गा नभएको) लाई जग्गाको व्यवस्थापन गरिनेछ ।

१२ नगर क्षेत्रभित्रका नागरिकलाई सहज, सरल, सुविधाजनक एवं पारदर्शी ढङ्गबाट सेवा प्रवाह गर्दै जनमुखी सेवाको अनुभुती गराईने छ ।

१३ नगरपालिकाको प्रशासनीक भवन, विभिन्न वडा कार्यालयका भवनहरु, आधारभुत स्वास्थ्य केन्द्रका भवनहरु तथा नगर क्षेत्रभित्रका सार्वजनिक भवनहरु मापदण्ड अनुसार तयार भई सकेको हुँदा **बालमैत्रि तथा अपाङ्गमैत्री** सेवा प्रवाहमा विशेष जोड दिइनेछ ।

१४ लम्कीचुहा नगरपालिकाका समग्र गतिबिधि तथा कार्यक्रमहरु जनताको हितमा हुने गरी सामाजिक, आर्थिक, साँस्कृतिक र राजनितिक रुपमा पछाडि परेका मुक्तकमैया, बादी समुदाय, सुकुम्बासी, विपन्न



लम्कीचुहा नगरपालिका कार्यालय

घरपरिवार, अनाथ, असहाय, दलित, महिला, बालबालिका तथा श्रमिक वर्ग समुदायहरुलाई प्राथमिकतामा राखी लक्षित वर्गलाई आत्मनिर्भर हुने खालका कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१५ लम्कीचुहा नगरपालिकाको काम कारबाहीमा विधिको शासन स्थापित गर्दै जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, इमान्दारिता र आर्थिक सुशासनको अवधारणालाई विशेष जोड दिईनेछ ।

१६ स्वच्छ तथा सुन्दर नगरपालिका निर्माणको अभियानलाई सार्थक तुल्याउन **Green and Clean City** सहितको शहरीकरण नीति अनुशरण गर्दै सडक किनारामा लगाइएका बिरुवाहरुको संरक्षण तथा थप बिरुवाहरु वृक्षारोपण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१७ कोरोना भाईरस (कोभिड-१९) को महामारीबाट विगत लामो समयदेखि व्यापार व्यवसाय ठप्प हुँदा जनताले तिर्ने व्यवसायिक सेवा शुल्कको दायरा यथावत राखी नागरिकलाई सोहि अनुसार सेवा उपलब्ध गराईनेछ ।

१८ **वडा-वडामा कृषि प्राविधिक, टोल-टोलमा टोल विकास संस्था, वडा वडामा आधारभुत स्वास्थ्य सेवा केन्द्र, बस्ती-बस्तीमा सुविधा सम्पन्न खोप केन्द्र,** निर्माण गर्ने अभियानलाई निरन्तरता दिईनेछ ।

१९ **विकासमा जनताको सहभागिता गराउन** नगरपालिकाको जुनसुकै योजनाहरुमा कम्तिमा १० प्रतिशत श्रमदानको नीतिलाई निरन्तरता दिईनेछ ।

२० नगरपालिकालाई भ्रष्टाचारमुक्त बनाउन शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

२१ नगर निर्माणको कार्यमा विभिन्न तहका योजना निर्माण तथा कार्यान्वयनमा विकासको साझेदारका रुपमा रहेका नीजि, सहकारी, गैर सरकारी तथा सामाजिक संघ संस्था, सामुदायिक संस्था, लगायतका निकायहरुको सहभागीता, साझेदारी र सहकार्यको नीति लिई बहुलगानीको सम्भावना बढाउने कार्यहरु आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिई प्राथमिकता दिइनेछ ।

२२ नगरपालिकाका वडा कार्यालयहरुको कार्य संचालनका लागि नियमित प्रकृतिका गर्नुपर्ने चालु खर्चहरुको मासिक सिमा सहित वार्षिक सिलिङ् निर्धारण गरिने छ ।

२३ नगरपालिकाका वडाहरुको कार्यसम्पादन, राजश्व प्राप्ती र राजश्व दाखिला लगायतका सुचाङ्कका आधारमा वडा स्तरको अर्धवार्षिक कार्यसम्पादन समिक्षा गरिने छ ।

२४ वजेट विनियोजन भएका हरेक कार्यक्रम र योजनाका हकमा योजना भएमा सम्झौता तथा कार्यक्रम भएमा प्रस्ताव सहित स्वीकृत भएपछि मात्र कार्य लागु गर्ने, गराउने व्यवस्था गरिने छ साथै तोकिएको समयमै कार्य सम्पन्न गर्न अभिप्रेरित गरिने छ र तोकिएको समयमा सम्पन्न नगर्नेका हकमा उक्त कार्यक्रम वा योजनालाई अर्को कार्यक्रम बनाई रुपान्तरण गर्न सकिने नीतिलाई निरन्तरता दिईनेछ ।

२५ लम्कीचुहा नगरपालिकाको आर्थिक विकास, समुन्नत र समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा निजी दातृ संस्था वा निकायबाट आवश्यक ऋण तथा अनुदान लिन सकिने छ ।

२६ **श्रमिकको सम्मान : लम्कीचुहाको अभियान** लाई प्रभावकारी बनाउन नगर क्षेत्रभित्र बेरोजगार नागरिकहरुलाई १०० दिन बराबर रोजगारीका कार्यक्रमहरु संचालन गरिनेछ ।

२७ उपभोक्ता अधिकार संरक्षण गर्दै गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धताका लागि नगर क्षेत्रको बजार अनुगमन गर्न बजार कार्यलाई निरन्तरता दिई वस्तु तथा सेवाको गुणस्तर कायम गरिने छ ।

२८ **जनताको करको कदर : भ्रष्टाचारमुक्त नगर** अभियानलाई निरन्तरता दिईनेछ ।

२९ **कृषिमा आधुनिकिकरण : सिचाईमा लगानी** नीति आत्म साथ गर्दै संभाव्य सबै कृषि योग्य भूमिमा सिचाई सुविधा उपलब्ध गराउन प्रयत्न गरिनेछ ।

३० **स्वस्थ्य जिवनको आधार : खेलकुदको विकास** भन्ने नारालाई आत्मसाथ गरी एक वडा एक खेलकुद मैदान अनिवार्यता गर्ने नीति लिईनेछ ।

३१ कोरोना महामारी नियन्त्रणका बखत सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुको माध्यमबाट नगरपालिकाको सेवा प्रवाहमा पारदर्शिता अभिबृद्धि गरिनेछ ।

३२ लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८मा संचालित अधुरा योजनाहरुलाई क्रमागत योजनामा समावेश गरि आर्थिक वर्ष २०७८/०७९ मा पनि निरन्तरता दिईनेछ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

३३ मुख्य सडकहरुमा विभिन्न संघ संस्था तथा निकायहरुबाट आफ्नो बार्षिक कार्यक्रम अन्तरगत कार्य गर्दा पिच बाटो भत्काएमा त्यसलाई यथाशिघ्र पिच गर्ने गरी निर्माण व्यवसायी सँग सम्झौता गरी कार्य सञ्चालन गरिनेछ ।

३४ नगर क्षेत्रमा रहेका सार्वजानिक जग्गा प्राकृतिक सम्पदा आदि भएको स्थानमा विभिन्न व्यवसायी, व्यक्ति, संघ संस्थाहरुले शुल्क लिई वा भवन वनाई भाडा आर्जन गर्ने गरेका भए त्यस्ता जग्गा एवं सम्पदाहरूको लगत लिई आवश्यक प्रक्रिया पुरा गरी नगरपालिकाको स्वामित्वमा ल्याउने नीति अवलम्वन गरिनेछ ।

३५ **एक वन एक उत्पादन क्षेत्र** नीति अवलम्बन गरिनेछ ।

३६ उपभोक्ता समिति गठन गर्दा लगातार एउटै व्यक्ति अलग अलग उपभोक्ता समितिको अध्यक्ष तथा पदाधिकारी हुन नपाउने र उपभोक्ता समिति गठन गर्दा निर्माण व्यवसायी, वहालवाला स्थायी कर्मचारी, जनप्रतिनिधीहरुलाई उपभोक्ता समितिका पदाधिकारीमा राख्न नपाउने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

३७ लागु औषधि दुर्व्यसनिलाई निरुत्साहित गर्ने खालका जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३८ तीन लाख मुनीका विकासका योजनाहरुमा ३ प्रतिशत र सो भन्दा माथिका योजनाहरुमा ४ प्रतिशत कन्टिजेन्सी रकम कट्टी गरी विपद व्यवस्थापन कोषमा स्वतः रकम जम्मा गरिनेछ ।

३९ सामुदायिक विद्यालयमा नीजि श्रोतमा कार्यरत शिक्षकहरुको व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

४० सामुदायिक विद्यालयमा कार्यरत बाल विकास सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीलाई उचित पारिश्रमिकका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४१ नगर क्षेत्रभित्र हरेक नागरिकलाई स्वास्थ्यमा पहुँच पुरयाउनका लागि अनिवार्य स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिनेछ ।

४२ महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रदान गरिदै आएको प्रोत्साहन कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

४३ अपांगता भएका व्यक्तिहरुलाई प्रदान गरिने अपांगता परिचय पत्र तथा प्रोत्साहनमुलक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४४ लम्कीचुहा नगरपालिका आगामी चित्ररेखा तयार गर्न लम्कीचुहा भिजन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४५ सहरी विकास अर्न्तगतका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४६ लम्कीचुहा नगरपालिका वडा नं. ३ स्थित कर्णाली चिसापानीमा प्रदेश प्रवेशद्धार निर्माणका लागि विशेष पहल गरिनेछ ।

४७ लम्कीचुहा नगरपालिका वडा नं. ३ बलचौरदेखि गेरुवा गाउँपालिकाको सरखल जोड्ने कर्णाली नदीमा नमुना झुलङ्गे पुल निर्माणका विशेष पहल गरिनेछ ।

४८ लम्कीचुहा नगपालिका वडा नं. ४ भल्कामा बहुउद्देश्यीय सिटी हल निर्माणका लागि विशेष पहल गरिनेछ

४९ विकाससंग संचारकर्मी कार्यक्रमलाई निरन्तरता दिईने छ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का कैलाली

**बैठकका अध्यक्ष महोदय,**
अब म आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेटमा समेटिने गरी विषयगत क्षेत्र अर्न्तगतका नीति तथा कार्यक्रमहरु यस आठौं नगरसभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## क.आर्थिक विकास क्षेत्र

**कृषि विकास तर्फका नीति तथा कार्यक्रमहरु**

१ साना कृषकहरुलाई आत्मनिर्भर बनाई जिवीकोपार्जनमा सहयोग तुल्याउन प्याज, लशुन, टमाटर, आलु, खुशार्नी आदी खेतिको उत्पादन तथा बजारीकरण गर्न किसान सहकारी साझेदारी कार्यक्रमका लागि आवश्यक अनुदान उपलब्ध गराईनेछ ।

२ किसानहरुलाई प्रोत्साहन गर्न धान, गहु, मकै, चैते धान लगायतका खाद्यान्न बाली विकास कार्यक्रमका लागि आवश्यक बजेटको प्रबन्ध गरेकोछु ।

३ च्याउ विउ अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४ तरकारी खेतिलाई आधुनिक तथा व्यवसायीक बनाउन प्लाष्टिक टनेल निर्माण कार्यक्रमका लागि बजेट विनियोजन गरिनेछ ।

५ **उत्पादनसंग रोजगारी** भन्ने मुल नारालाई आत्मसात गरी गरिबीको रेखामुनी रहेका नगरबासीहरुलाई सामुहिक खेति प्रणालीको अवधारणा अर्न्तगत करिब पचास विगाह बाँझो जग्गामा आधुनिक फलफुल खेति लिच्चि र कागतिको उत्पादनका लागि **नगरपालिका किसान सहकारी साझेदारी कार्यक्रम संचालन गरिनेछ** ।

६ कृषि उत्पादन बढाई किसानहरुलाई सहज रुपमा सिचाईको व्यवस्था गर्न सिचाई बोरिङ अनुदान

७ कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८ गरिविको रेखामुनि रहेका नगरबासीलाई आवश्यक बिउ बिजन तथा जैविक मलको विशेष व्यवस्थापन गरि कृषि पेशामा आकर्षित गरिनेछ ।

९ कृषिमा आधुनिकिकरण तथा बैज्ञानिकीकरणलाई जोड दिनका लागि उन्नत किसिमका बिउ बिजन तथा कृषि परामर्श सेवा केन्द्रको व्यवस्थापन गरिनेछ ।

१० लक्षित वर्ग/समुदाय (महिला, युवा, दलित, आदिवासी जनजाती, अपाङ्ग, जेष्ठ नागरिक, निम्म वर्ग) ले समुह गठन गरी सञ्चालन गरेका तरकारी खेति तथा फलफुल खेति (आप, लिची, केरा, च्याउ कागती आदी) लाई उत्पादन तथा आम्दानी नहुञ्जेल सम्मका लागि प्रोत्साहन स्वरुप नगद अनुदानका रुपमा जग्गा भाडा उपलब्ध गराई प्रोत्साहन गरिने छ ।

११ **फल**फुल बिरुवा (नर्सरी) उत्पादन कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१२ कृषि उत्पादनलाई बढाई किसानलाई आत्मनिर्भर बनाउन माटो परिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३ बाली कटानी कार्यक्रम संचालन गरिनेछ ।

१४ कृषि बाली बिमा कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

१५ खाद्यान्न बालीलाई प्रभावकारी बनाउन बिज बृद्धि विकास कार्यक्रमलाई प्रोत्साहन दिईनेछ ।

१६ सार्वजनिक बाझो जमिनलाई उत्पादनमुखी बनाउन नगरपालिका नागरिक र सहकारीको सयुक्त लगानीमा **सामुहिक साझेद्धारी उत्पादन प्रणालीको** विकास गरिनेछ ।

१७ मुङ खेति विस्तार तथा बिउ विजनमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।

१८ सहरी शासकीय क्षमता विकास पूर्वाधार साझेदारी कार्यक्रम अर्न्तगत नगर क्षेत्रभित्र कुनै तीन वटा स्थानमा कृषि हाट बजारको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछु ।

१९ कृषि कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक कृषि प्राविधिकहरुको व्यवस्था गरिनेछ ।

२० कृषि तथा पशुलाई व्यवसायिमुखी बनाउन तीने महिने कृषि तालिम संचालन गरिनेछ ।

२१ कृषि कार्यक्रमहरुलाई प्रभावकारी बनाउन कृषि रेडियो कार्यक्रम संचालन गरिनेछ ।

२२ पुराना पकेट कार्यक्रमको निरन्तरता तथा नयाँ पकेट स्थापना गर्न विशेष पहल गरिनेछ ।

२३ व्यवसायी कृषकहरुलाई कृषक अवलोकन भम्रण कार्यक्रम गरिनेछ ।



नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

२४ नगर क्षेत्रभित्रका किसानहरुको पहिचान गरी उत्कृष्ट कृषक सम्मान तथा कृषक दिवस कार्यक्रमको आयोजना गरिनेछ ।

**पशु विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

२५ **किसान सहुलियत सुत्केरी भैंसी पोषण अनुदान** कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२६ नगर क्षेत्रभित्रका छाडा चौपाया नियन्त्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२७ पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२८ पशु विकास अनुदान कार्यक्रममा सञ्चालन गरिनेछ ।

२९ पशु उपचार सेवालाई स्थानीय स्तरमा विस्तार बनाई सहज, सरल र सबैको पहुँच कायम गरिनेछ ।

३० छाडा कुकुर बन्ध्याकरण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

३१ लक्षित वर्गको जीवनस्तर सुधार गर्न आय आर्जनका कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

३२ व्यवसायिक पशु पालन कृषकहरुका लागि गोठ तथा खोर सुधार कार्यक्रम ल्याईने छ ।

३३ खुला रुपमा छरिएका मासु पसलहरुलाई व्यवस्थित बनाउन मासु व्यवसायिहरुलाई मासु पसल सुधार अनुदान कार्यक्रम दिईने छ ।

३४ पशुहरुको उत्पादकत्व क्षमता अभिवृद्धि गर्न कृषक समूह, समिति, फर्ममा घाँसे विकासका कार्यक्रमहरु लागु गरिने छ ।

३५ व्यवसायिक रुपमा दर्ता भई सञ्चालन भएका पशु फर्म तथा व्यवसायिहरुलाई प्रोत्साहन स्वरुप पशु बिमा कार्यक्रम तथा नगद अनुदानका रुपमा जग्गा भाडा उपलब्ध गराउने कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।

३६ माछा भुरा अनुदान कार्यक्रमलाई विशेष जोड दिईनेछ ।

३७ पशु खोप कार्यक्रमलाई जोड दिईनेछ ।

३८ पशु विकास सम्बन्धी जनचेतनामुलक रेडियो कार्यक्रम संचालन गरिनेछ ।

**सहकारी तथा गरिबी निवारण तर्फका नीति तथा कार्यक्रमहरु :**

३९ सहकारी संस्थाहरूको दर्ता, नविकरण, नियमन र व्यवस्थापन गर्नका लागि नगरपालिकामा एक छुट्टै सहकारी उपशाखा स्थापना गरी सहकारीहरू संगको सहकार्यमा नगर समृद्धिका कार्यक्रमलाई जोड दिईनेछ ।

४० विपन्न वर्गका नागरिकहरुको जीवनस्तर उकास्नका लागि कुटिर उद्योग, साना उद्योग, घरेलु उद्योग, कृषि खेति तथा पशुपालन एवं साना व्यापार व्यवसाय संचालन गरी आत्मनिर्भर बनाउन सहुलियत कर्जा उपलब्ध गराउन **सहकारीलाई अनुदान : उद्यमीलाई ऋणको** व्यवस्था गर्न सहकारीसंस्थाहरुलाई आवश्यक अनुदान उपलब्ध गराईनेछ ।

४१ महिला कृषि सहकारी संस्थाहरुसंग जोडिएका विपन्न किसान महिलाहरुलाई विभिन्न सिपमुलक तालिमहरु संचालन गरी आत्मनिर्भरताको सृजना विशेष अनुादनको व्यवस्था गरिने छ ।

४२ संयुक्त दलित अभियान कृषि सहकारी संस्थाको संस्थागत विकासका लागि आवश्यक पहल गरिनेछ ।

४३ **उज्यालो नगर : समृद्ध सहर** नारालाई सार्थक तुल्याउन नगर क्षेत्रभित्रका सम्पूर्ण नागरिकलाई विद्युत लाईन सेवा प्रवाह गरिनेछ ।

४४ ग्रामीण विद्युत सहकारी संस्थाहरुलाई कम्प्युटरकृत प्रणालीबाट सेवा संचालन गर्नका लागि आवश्यक अनुदान रकम उपलब्ध गराईनेछ ।

४५ सहकारी संस्थाहरु समायोजन (मर्ज) गर्ने नीति अवलम्बन गरिनेछ ।

४६ उज्यालो नगरको परिकल्पनालाई सार्थक तुल्याउन नेपाल विद्युत प्राधिकरण र ग्रामीण विद्युत सहकारी संस्थासंगको सहकार्यमा **एक पोल एक सडक बत्ती जडान** कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ ।

४७ लम्कीचुहा नगर क्षेत्रभित्रका विपन्न, गरिब, असहाय, अपांग तथा लक्षित वर्गका नागरिकलाई राहत स्वरुप सहकारी संस्था मार्फत कुनै दुई वटा स्थानमा सुपथ सहकारी पसल स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४८ नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न बिशेष नीति अवलम्बन गरीने छ ।



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

४९ सहकारी आर्यआर्जन कार्यक्रमलाई विशेष जोड दिइने छ।

५० हरेक सहकारीको लेखा प्रणालीलाई व्यवस्थित गर्न आवश्यक तालिम प्रदान गरी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ।

५१ सहकारीलाई गरिवी निवारण, रोजगारी सृजना र आर्थिक वृद्धिको मेरुडण्डको रुपमा विकास गरिनेछ।

**पर्यटन विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

५२ नगर उद्यान मोहनलाल सामुदायिक वन क्षेत्रलाई पर्या-पर्यटनको विकास गर्न नगर उद्यान (जैविक पार्क) निर्माणका लागि क्रमागत रुपमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

५३ लम्कीचुहा नगरपालिका वडा नं. २ मा रहेको त्रिनेत्रेश्वर धार्मिक संस्था र वडा नं. १ मा रहेका चन्द्रमौलेश्वर मन्दिरको संस्थागत विकास तथा निर्माणका लागि आवश्यक बजेटको प्रबन्ध गरिनेछ।

५४ कैलाशधाम तीर्थ स्थललाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

५५ नगरपालिकालाई पर्यटकिय गन्तव्यका रुपमा आकर्षण गर्न चिसापानी कर्णाली पर्यटकिय पूर्वाधार विकासका लागि जोड दिईनेछ।

५६ नगर क्षेत्रमा रहेका पर्यटकीय स्थल हरुको विकास गरी पर्यटकीय क्षेत्रहरुमा नीजि, सार्वजनीक साझेदारीमा सडक, अतिथि गृह, विश्राम स्थल, पुरातत्व तथा कला संस्कृतिको जर्गेना, शौचालय, खानेपानी लगायतका पूर्वाधार, पर्यटन मार्ग निर्माण गरी पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ।

५७ **बसेरा-थारु होम-स्टे** बल्चौरको संस्थागत विकास गर्न  विशेष जोड दिईनेछ।

५८ नगर क्षेत्रभित्रका विभन्न मठ, मन्दिर, चर्च, गुम्बा, सत्संग भवन, लगायतका धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धनमा कार्यक्रममा जोड दिइने छ।

५९ लम्कीचुहा नगरपालिका वडा नं ९ प्रतापपुरमा रहेको बैजनाथ मन्दिरलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

६० पर्यटन विकासका लागि कर्णाली नदिमा ऱ्याप्टिङ्गको ठूलो सम्भावना रहेको हुँदा सो को विकास तथा प्रवर्द्धनका लागि बिशेष पहल गरिनेछ।

६१रिठे काललाई पर्यटकिय स्थल, आमपानी पिकनिक स्पोर्ट, मिलनखोला पिकनिक स्पोट, रतनपानी पिकनिक स्पोट, ग्याडटी फाँटा पिकनिक स्पोटको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिईनेछ।

**उद्योग तथा वाणिज्य तर्फका नीति तथा कार्यक्रमहरु :**

६२ डुडेझारी बल्चौर क्षेत्रमा घोषणा भएको औधोगिक क्षेत्रको कार्यान्वयनका लागि विशेष पहल गरिनेछ।

६३ नगर क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म, दर्ता नविकरण कार्य लाई व्यवस्थित गर्ने नीति अवलम्बन गरीने छ।

६४ नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यापार, व्यवसाय, उद्योग दर्ता, अनुगमन र प्रबर्द्धन गरी साना तथा घरेलु उद्योग सन्चालनको उचित वातावरण मिलाईनेछ।

## सामाजिक विकास क्षेत्र :

**शिक्षा विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

१ **शिक्षामा बाल अधिकारको सुनिश्चितता : लम्कीचुहाको प्रतिबद्धता** भन्ने मुल नारालाई आत्मसात गर्दै सामुदायिक विद्यालयमा आधारभुत तह (कक्षा १ देखि ८ सम्म) पुर्ण रुपमा निशुल्क र अनिवार्य पठनपाठनको व्यवस्था गरिनेछ। र निजीस्रोतमा अध्यापनरत शिक्षकहरुको व्यवस्थापनका लागि एकमुष्ट प्रोत्साहन अनुदान कार्यक्रमको निरन्तरता गरिनेछ।

२ सामुदायिक विद्यालयमा कार्यरत बाल विकास सहजकर्ताहरुको प्रोत्साहन र विद्यालय कर्मचारीका लागि मासिक रु ७ हजार थप गरी जम्मा रु १५ हजार रुपैयाँ बराबरको तलवि अनुदान उपलब्ध गराईनेछ।

३ विद्यालयको वातावरण सफा, स्वच्छ र हराभरा राख्न प्रोत्साहित कार्यक्रम अर्न्तगत सामुदायिक विद्यालयको शौचालय सरसफाई कार्यको लागि वार्षिक चौबिस हजारका दरले सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदान दिईने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४ लम्कीचुहा नगरपालिकामा स्थायी बसोबास गरी रहेका अति विपन्न तथा उत्कृष्ट नतिजा प्राप्त गरेका एम.वि.वि.एस अध्ययन गर्न चाहने दुई जना (छात्र/छात्रा) विद्यार्थीहरुका लागि लम्कीचुहा नगरपालिका र किसान सहकारी संस्थाको संयुक्त लगानीमा शतप्रतिशत छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

५ आधारभुत तहमा निरन्तर विद्यार्थी मुल्याकंन पद्धति र ८ कक्षाको अन्त्यमा पालिका स्तरिय स्तरीकृत परीक्षाको व्यबस्था गरिनेछ ।

६ एकिकृत पाठ्यक्रमको अवधारणा अनुसार (कक्षा १ देखि ३ सम्म) स्थानिय पाठ्यक्रम निर्माण गरि तत्काल लागु गरिनेछ ।

७ यसै आर्थिक वर्षभित्र १० बर्षे नगर शिक्षा योजना निर्माण गरी शिक्षामा गुणस्तर कायम गरिनेछ ।।

८ शिक्षामा गुणस्तर कायम गर्न नमुना विद्यालय छनौट कार्यविधि लागु गरि आवश्यक बजेटको प्रबन्ध मिलाईनेछ र शिक्षण सिकाई प्रभावकारी हुने गरि प्रधानाध्यापक हरुको सवल नेतृत्व स्थापित गरिनेछ प्रधानाध्यापक, शिक्षक, कर्मचारीको जवाफदेहिता स्पष्ट हुने गरि कार्यसम्पादन करार गरिनेछ ।

९ नगर क्षेत्रभित्रका अनाथ/असहाय बालबालिकाहरुको पहिचान गरि अध्ययन अध्यापनको व्यवस्थापनका लागि यसै वर्षदखि पहल गरिनेछ ।

१० नगरक्षेत्रभित्र रहेका ६० वर्ष मुनिका सबै नागरिकलाई साक्षर बनाई यसै वर्षभित्र नगर साक्षरता घोषणा गरिनेछ । यसका लागि आवश्यक बजेटको समेतको व्यवस्था गरिनेछ ।

११ शैक्षिक सुचकांक, सिकाई उपलब्धी, शैक्षिक गुणस्तर, प्रशासनिक दक्षता, पारदर्शि लेखा प्रणाली समेतका आधारमा उत्कृष्ट विद्यालयहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ मापदण्ड एवं गुणस्तरमा कमजोर विद्यालयहरुलाई गुणस्तर सुधारका लागि कडा नियमन गरिने छ । र आवश्यक पृष्ठपोषण समेत प्रदान गरिनेछ ।

१२ प्रचलित ऐन तथा नियमावली अनुसार आवश्यकताका आधारमा विद्यालय खोल्ने, मर्ज गर्ने, कक्षा थप गर्ने र तह घटाउने जस्ता कार्य अनुगमन र मूल्यांकनको आधारमा गरिनेछ । शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान तथा नगर क्षेत्रभित्र सरुवा गर्ने कार्य यथाशिघ्र कार्यान्वयनमा ल्याईनेछ ।

१३ नगरभित्रका प्रत्येक सामुदायिक विद्यालयमा शुद्ध पिउने पानि,उपयुक्त शौचालय, हरीयाली बगैचा,सुरक्षित भवन रंगरोगन, खेलकुद मैदान सहित स्वस्थ वातावरण निर्माण गर्ने व्यबस्था गरिनेछ ।

१४ लम्कीचुहा नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयमा दलित, विपन्न, गरिबी, अपाङ्ग, असहाय तथा जनयुद्ध, जनआन्दोलनमा घाईते, वेपत्ता तथा शहिद परिवारका जेहेन्दार विद्यार्थीहरु तथा उच्च शिक्षाको अध्यनमा रहेका विद्यार्थीलाई केन्द्रित गरि **नगर प्रमुख छात्रवृत्ति पुरस्कारको** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१५ नगर क्षेत्रभित्रको क्याम्पस तथा माध्यमिक तहमा अध्ययनरत जनयुद्ध तथा जनआन्दोलनका घाईते अपांग, अन्य प्रकृतिका अपांग, दलित तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१६ नगरक्षेत्रभित्र उपयुक्त ठाउँको पहिचान गरि **सामुदायिक पुस्तकालय र ई लाईवेरीको** स्थापना गर्न पहल गरिनेछ ।

१७ सामुदायिक विद्यालयको शैक्षिक गतिविधिलाई आधार मानी माध्यामिक तहसम्म संचालित विद्यालयलाई प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।

१८ लम्की बहुमुखी क्याम्पसलाई शिक्षण अनुदानका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१९ संस्थागत विद्यालयमा अध्ययनरत सुकुम्वासी, मुक्त कमैया, दलित, अशक्त तथा असहाय विद्यार्थीहरुका लागी विशेष छात्रवृत्ति १० प्रतिशत प्रत्येक संस्थागत विद्यालयमा कार्यन्वयन गरिनेछ ।

२० संस्थागत विद्यालयहरुलाई श्रेणीकरण गरी शुल्क निर्धारण गर्दै न्युनतम मापदण्ड पूरा नभएका विद्यालयहरुको अनुमति खारेजी र तह घटाउन सकिने छ । संस्थागत विद्यालयलाई सेवामुखि हुने गरि सञ्चालन गरिनेछ लगानिकर्ताको पुजिको संरक्षण र श्रमको सम्मान हुने अवस्थाको सृजना गरिनेछ ।

२१ शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग तथा व्यबस्थापन सुचना प्रणालीको प्रभावकारी प्रयोग गरिनेछ ।

२२ शिक्षा दिवसको महत्वपूर्ण अवसरमा शैक्षिक जगतमा उल्लेखनिय योगदान पुर्‍याएका शिक्षक, कर्मचारी तथा वार्षिक रुपमा उत्कृष्ट सिकाई उपलब्धि हासिल गर्ने विद्यालयलाई नगरपालिकाद्धारा सम्मानित गरिने कार्यक्रलाई निरन्तरता दिईनेछ ।

२३ सामुदायिक विद्यालयहरुलाई कुशलतापुर्वक प्रशासन सञ्चालन गर्नका लागि योग्यता पुगेका प्रधानाध्यापकहरुको नियूक्तिका लागि प्रक्रिया अगाडी बढाईनेछ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

२४ नगर क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा योग शिक्षा प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२५ प्राविधिक शिक्षा दिने विद्यालयहरुलाई स्तरउन्नती गर्न करार सम्झौता गरि आवश्यक व्यबस्था मिलाईनेछ ।

२६ सामुदायीक विद्यालयहरुमा १ स्वास्थ्यकर्मीको व्यबस्थाका लागि आवश्यक पहल गरिनेछ ।

२७ प्रत्येक सामुदायीक विद्यालयहरुमा अनिवार्य ईन्ट्रनेट सेवाको व्यबस्था गरिनेछ ।

**खेलकुद विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

२८ नगर स्तरिय खेलकुद विकास समितिद्धारा सप्ताहव्यापी **मेयर कप** खेलकुद महोत्सव (सामुदायीक र संस्थागत विद्यालयमा) संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२९ सामुदायिक तथा संस्थागत विद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु अनिवार्य रुपमा संचालन गर्न लगाइने छ ।

३० लम्कीचुहा नगर क्षेत्रभित्र खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्नका लागि खेल प्रशिक्षक उत्पादन गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

३१ नगर खेलकुद विकास समितिको संचालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ ।

३२ वडा स्तरिय खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ ।

३३ युवा परामर्श/मार्गदर्शन कार्यक्रम सञ्चालन गरिनेछ ।

**स्वास्थ्य विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

३४ लम्कीचुहा नगरपालिका वडा नं. १० मा निर्माणधिन जनता अस्पतालको भौतिक संरचना निर्माणका लागि क्रमागत योजनाको आधारमा आवश्यक बजेट विनियोजन गरिनेछ ।

३५ लम्कीचुहा १५ शैयाको लम्कीचुहा अस्पतालको सेवा स्तर उन्नति गरी आईसु बेड तथा भेन्टीलेटर सेवा प्रदान गर्नका लागि एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ ।

३६ **सुत्केरी महिला नवजात छोरी** पोषण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

३७ विश्वव्यापी फैलिएको कोरोना भावईरस (कोभिड-१९) को नियन्त्रण तथा रोकथामका लागि विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३८ कोरोना भाईरस (कोभिड-१९) बाट नगरबासी जनतालाई सुरक्षित बनाउन अन्य स्थानीय पालिकाहरुसंग समन्वय गरी पि सि आर मेसन को व्यवस्थागर्न आवश्यक पहलकदमी गरिनेछ ।

३९ नगरपालिकाका सबै वडामा अवश्यक दक्ष जनशक्ति, औषधी, उपकरण, प्रविधी र स्वास्थ्यकर्मी सहितका आधारभुत स्वास्थ्य सेवा केन्द्र बाट प्रभावकारी सेवा प्रारम्भ गरि टोल-टोलमा व्यवस्थित खोप केन्द्र, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम बाल तथा शिशु स्वास्थ्य सेवाहरु सञ्चालन गरिनेछ ।

४० लम्कीचुहा नगरलाई कुपोषण रहित बनाउन **पोषण तथा साथ कार्यक्रम** सञ्चालन गरिनेछ ।

४१ गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण सहित आवश्यक निःशुल्क एमबुलेन्स सेवा र सहज ढंगले उपलब्ध गराइनेछ ।

४२ अनियन्त्रित रुपमा बिक्री वितरण भैराखेको मदिराको नियन्त्रण गरि निश्चित ठाउँ/पसलमा मात्र बिक्री केन्द्र तोक्ने र बालबालिकाहरुलाई किन्ने र बेच्ने दुबै कार्यमा पूर्ण प्रतिबन्ध लगाइनेछ ।

४३ लम्कीचुहा अस्पतालबाट सञ्चालित **स्वास्थ्य बिमा** कार्यक्रमलाई सवै नागरिकको पहुच पुग्ने गरि सञ्चालन गर्न आवश्यक व्यबस्था गरिनेछ ।

४४ लम्कीचुहा नगर क्षेत्रभित्र ट्रमा सेन्टर र आखा अस्पताल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४५ **घर-घरमा परामर्श, टोल-टोलमा स्वयमसेविका** कार्यक्रमलाई निरन्तरता दिई मासिक एक हजारका दरले महिला स्वयम्सेविकाहरुलाई प्रोत्साहन भक्ता उपलब्ध गराईनेछ ।

४६ विद्यालय भित्र र बाहिर प्रथमिक उपचार तथा किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वाथ्य कार्यक्रम सञ्चालन गरि विद्यार्थीहरुलाई आवश्यक **मनोविमर्श कार्यक्रम मानसिक स्वास्थ्य** सम्बन्धिका कार्यक्रमहरु संचालन गरिने छन ।

४७ लागुपदार्थ तथा बालदुर्व्यसनिमा फसेका युवाहरुका लागि मनोविमर्श कार्यक्रम मार्फत जनचेतना जगाउने कार्यलाई निरन्तरता दिईनेछ ।

४८ HIV संक्रमितहरुका लागि जनचेतनामूलक कार्यक्रमका साथै ART Center सञ्चालन गरि औषधी सहज उपलब्ध गराउने व्यवस्था गरिने छ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

४९ शवबाहन खरिदका लागि आवश्यक पहल गरिनेछ ।

५० लम्कीचुहा अस्पतालमा डाईलोशिस सेवा विस्तार गरिनेछ ।

५१ थारु समुदायमा मात्र देखिने सिकलसेल एनिमिया सम्बन्धी शिविर सञ्चालन गर्न पहल गरिनेछ ।

५२ समाजका अनुभवी व्यक्तित्व जेष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाई स्वास्थ्य जेष्ठ नागरिक बनाउने अभियानलाई मूर्तरुप दिईनेछ ।

५३ स्वास्थ्य सेवा हो व्यापार होईन भन्ने कुरालाई नजरअन्दाज गरी अवैधानीक तरिकाले चलाएका वा मापदण्ड नपुगेका निजि किलनिक,मेडिकल सप,फार्मेशि एबम अस्पतालहरुलाई नियमित अनुगमन तथा नियमन गरि कानुनी दायरामा ल्याईनेछ ।

**सँस्कृति विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

५४ यस नगर क्षेत्र भित्र विभिन्न सांस्कृतिक पहिचानहरुको संरक्षण र सम्बर्द्धन गर्न (थारु झाँकी, सुदुरपश्चिमेली लोक देउडा, हुड्के नाच, होरी देउडा, मयुर नाच, मारुनी नाच,भुवो नाच) लगायतका संस्कृतिको जर्गेना गर्न विभिन्न पञ्चे बाजा तथा आवश्यक संस्कृतिको संरक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

५५ कर्णाली नदिमा आधुनिक शवदाह निर्माणका लागि विशेष पहल गरिनेछ र विभिन्न जाति, धर्म तथा समुदायका वर्गहरुको समाधी/शवदाह स्थलहरुको छनौट गरी आवश्यक बजेटका लागि पहल गरिनेछ ।

५६ नारीको महानपर्व हरितालीका तिजको संरक्षण तथा प्रवर्द्धनका स्थानीय पर्वका रुपमा मनाइने छ ।

५७ हिन्दुहरुको महानचाड वडादशैको संरक्षण र विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

५८ लम्कीचुहा नगरपालिका र किसान सहकारी संस्थाको साझेदारीमा इको भ्यालेज (जैविक गाउँ) स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

५९ थारु जातिको महान चाड माघि बिशेष कार्यक्रमको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइने छ ।

६० संविधान दिवस, महिला दिवस जस्ता दिवसहरु बिशेष महत्वका साथ मनाईनेछन ।

६१ थारु जातिको कला संस्कृतिको जर्गेना तथा संरक्षणका कार्यक्रमका लागि जोड दिईने

६२ नगर क्षेत्र बसोबास गर्ने विविध जातजाति धर्मसंस्कृति, रहन सहन, रितिरिवाजको संरक्षण तथा सो को प्रवर्द्धनका लागि बजेटको व्यवस्था गर्न पहल गरिनेछ ॥

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फका नीति तथा कार्यक्रमहरुः**

६३ कोरोना भाईरसबाट प्रभावित भई वैदेशिक रोजगारबाट घर फर्किएका बेरोजगार नागरिकहरुका लागि उत्पादनमुखी कार्यमा लगाई रोजगारी सृजना गर्ने ।

६४ नगर क्षेत्रभित्रका बेरोजगार नागरिकका लागि पाच प्रतिशत व्याजदरमा ऋण प्राप्तिका लागि सहकारी संस्थालाई अनुदान उपलब्ध गराईनेछ ।

६५ समाजमा सामाजिक समानता कायम गर्न लैंगिक उत्तरदायी बजेटको व्यवस्था गरिनेछ ।

६६ लक्षित वर्गका मानिसहरुलाई सम्मानका लागि अपांगता भएका नागरिक, दलित, जनआन्दोलन तथा जनयुद्धका घाईते अपांग, एकल महिला, बडघर भल्मन्सा लगायतका समुदायहरुका लागि स्वास्थ्य बीमाका लागि प्रोत्साहन स्वरुप पचास प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

६७ विभिन्न जनयुद्ध तथा जनआन्दोलनमा घाईते तथा अपांगता भएका व्यक्तिहरुको प्रोत्साहनका लागि विशेष कार्यक्रमहरु संचालन गर्न विशेष पहल गरिनेछ ।

६८ गरिवि न्यूनिकरण तथा बेरोजगार व्यक्तिहरुलाई रोजगार बनाउन मागमा आधारित सीपमूलक तालीमको व्यवस्था गरिनेछ ।

६९ बाल बिवाह, बहु बिबाहलाई पूर्णतः निषेध गर्न प्रयत्न गरिने छ ।

७० आदिवासी/जनजाति सम्बद्ध कार्यक्रमहरु संचालन गरिनेछन ।

७१ लम्कीचुहा नगरक्षेत्र भित्रका रातो कार्ड प्राप्त अपांगता र निलो कार्ड प्राप्त दृष्टिविहिन अपांगताहरुका लागि मासिक पाँच सय रुपैया प्रोत्साहन भक्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७२ महिला बेचविखन, घरेलु हिंसा, लैंगिक हिंसा विरुद्ध विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छन ।

७३ नगर क्षेत्रभित्र विकृतिको रुपमा रहेको जुवातासलाई सामाजिक कलंकको रुपमा लिदै जुवातासमुक्त नगर निर्माण गर्न जुवा तासलाई पूर्ण निषेधित गरिने छ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी कैलाली

७४ दलित तथा विपन्न वर्गको जीवन स्तर उकास्नका लागि सशक्तिकरण उत्थानका कार्यक्रमहरु संचालन गरिने छ ।

७५ लम्कीचुहा नगरपालिकाको वडा नं. ३ बलचौरका बादी समुदायहरुका लागि सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७६ दृष्टिविहिन तथा अति अपांगता भएका व्यक्तिहरुका लागि मासिक पाँच सय रुपैयाका दरले उपलब्ध गराईने प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७७ सामाजिक सुरक्षा भत्ता वडा कार्यालयको काउण्टर मार्फत सम्बन्धित वडा कार्यालयमा वितरण गरिने कायक्रमलाई निरन्तरता दिईनेछ ।

**खानेपानी पूर्वाधार तर्फका नीति तथा कार्यक्रमहरु :**

७८ लम्कीचुहा नगरपालिका वडा नं. ८ स्थित डमरिया बचेला खानेपानि आयोजनाको कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

७९ चिसापानी खानेपानी आयोजनालाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ ।

८० लम्कीचुहा नगरक्षेत्र भित्र संचालित खानेपानी आयोजनाहरुको कार्यालय भवन निर्माण तथा मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

८१ लम्की साना सहरी खानेपानी तथा सरसफाई संस्थालाई डिप बोरिङका लागि आवश्यक बजेटको व्यवस्थाका लागि पहल गरिनेछ ।

८२ नगर क्षेत्रभित्रका करिब ९५ प्रतिशत नागरिकलाई आगामी आर्थिक वर्षभित्रै शुद्ध पिउने पानीको व्यवस्था गराईनेछ ।

८३ नगर क्षेत्रभित्रका खानेपानी हेण्डपम्पहरुमा आउने पानीको परीक्षण गरी शुद्ध पिउने पानीका व्यवस्था गरिनेछ ।

८४ निर्माणधिन कालोपत्रे सडकखण्डको दाँया बाँया दुबै तर्फ पाईपलाईन विस्तारका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

## ग.भौतिक पूर्वाधार विकास तर्फ :

**बस्ती विकास, शहरी योजना तथा भवन निर्माण तर्फका नीति तथा कार्यक्रमहरु:**

८५ नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई छिटो छरितो र जनतालाई सुविधामुखि बनाउन नगरपालिकाको निर्माणाधिन प्रशासकिय भवन बाट सेवा प्रारम्भ गरिनेछ ।

८६ सार्वजनिक रुपमा कब्जा गरिएका वा मिचिएका बाटा, नाला तथा कुलाहरु यथाशिघ्र खाली खर्न लगाई व्यवस्थित शहर निर्माणमा विशेष जोड दिइने छ ।

८७ सुन्दर नगर, हराभरायुक्त शहर निर्माण गर्न बजारक्षेत्रको उचित व्यवस्थापनका लागि विशेष नियमन गरिने छ ।

८८ लम्कीचुहा नगरपालिकाको प्रवेशद्धार चिसापानी देखि वडा नं. १० को चुहासम्म चार लाईन सडक निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

८९ नगर क्षेत्रभित्र रहेका असहाय तथा अनाथ बालबालिकाको उचित संरक्षणका लागि अनाथलय आश्रम निर्माणका लागि विशेष पहल गरिनेछ ।

९० लम्कीचुहा नगरपालिका वडा नं. २ मोतिपुरमा निर्माणाधिन अवस्थामा रहेको जेष्ठ नागरिक मिलन केन्द्रको भवन निर्माण कार्य यसै आथिक वर्षभित्र सम्पन्न गरिनेछ ।

**सिचाई तर्फका नीति तथा कार्यक्रमहरु:**

९१ सामुहिक तथा व्यवसायिक खेतीका लागि कृषक/कृषि समुह तथा कृषि सहकारी संस्थाहरुलाई सिचाई व्यवस्थाका लागि बोरिङ्ग पम्पसेट अनुदान उपलब्ध गराईनेछ ।

९२ लम्कीचुहा नगरपालिकाको कार्यालय र साविकको प्रतापपुर र चुहा गाविसमा एक सार्वजनिक पम्पसेट वोरिङ निर्माणका लागि आवश्यक बजेटको व्यवस्थाका लागि पहहल गरिनेछ ।

९३ वैकल्पिक सिचाईको व्यवस्थाका लागि भुमिगत सिचाईको आवश्यक पहल गरिनेछ ।

**स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल तर्फका नीति तथा कार्यक्रमहरु:**



चुहा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भल्का, कैलाली

९४ सडक कालोपत्रे योजनालाई विशेष प्राथमिकतामा राखि नगरक्षेत्रभित्र संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको संयुक्त लगानीमा यस आर्थिक वर्षभित्र करिब २५ कि.मी.सडक कालोपत्रे आगामी आर्थिक वर्षभित्र संचालनमा ल्याई निर्माण कार्य अगाडि बढाईनेछ ।

९५ व्यवस्थित नगर निर्माणको अभियान अर्न्तगत ढल तथा नाला व्यवस्थापन, कल्भेट, ह्युमपाईप, खानेपानी पाईप, विद्युत पोल, सडक बत्ति, सौर्य बत्ति जडान तथा सडक किनारामा वृक्षारोपण सहितको एकिकृत विकास गरिने छ ।

९६ नगर रिङ रोड निर्माण गर्न विशेष प्राथमिकताका साथ पहल गरिनेछ ।

९७ कोरोना भाईरसबाट प्रभावित भई घर फर्किएका बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसंग जोडी रोजगारमुखी बनाईनेछ ।

९८ लम्कीचुहा नगरपालिकासंग जोडिएका देहाय बमोजिमका अति महत्वपूर्ण आयोजना निर्माणका लागि संघिय सरकार तथा राष्ट्रिय गौरवको आयोजना रानीजमरा कुलरिया सिचाई परियोजनासंग बजेट व्यवस्थाको माग गरी यथाशिघ्र कार्यान्वयनका लागि जोडदार रुपमा विशेष पहल गरिने छ ।

- लम्कीचुहा नगरपालिका वडा नं. ३ बलचौर देखि लुम्बिनी प्रदेशको बर्दिया जिल्ला गेरुवा गाउंपालिकाको सरखौल जोडने कर्णाली नदिमा नेपाल कै नमूना झोलुङ्गेपुल निर्माण गर्न विशेष पहल गरिनेछ ।
- लम्कीचुहा वडा नं. ४ र ७ जोड्ने खरौला नालामा पक्कीपुल निर्माण कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरिनेछ ।
- लम्कीचुहा नगरपालिका वडा न.. २ उदयपुर देखि वडा नं. १ झुंगा जोड्ने रोरा नदिमा झुलंगे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- चुहा देखि तोरीपुर जोडने पथरिया नदिमा पुल निर्माणका लागि पहल गरिनेछ ।
- लम्कीचुहा नगरपालिका वडा नं. १० तिघरीमा पुल निर्माणका लागि पहल गरिनेछ ।
- पथरैया नदिमा पक्की पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- वडा नं. ७ र ९ जोड्ने झुलङ्गे पुल निर्माण गर्न विशेष पहल गरिनेछ ।
- लम्कीचुहा नगरपालिका वडा नं. ९ खमरियादेखि वडा नं १० चुहा जोड्ने पथरैया नदिमा झुलंगे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- लम्कीचुहा नगरपालिका वडा नं. ४ को चौरीपुर र वडा नं. ६ वावनपुर जोड्ने चोरी नदिमा पक्की पुल निर्माणका लागि विशेष पहल गरिनेछ ।
- लम्कीचुहा नगरपालिका वडा नं ७ नविकरण ग्रामीण विद्युत सहकारी संस्थाको कार्यालयदेखि जानकी गाउँपालिका जोड्ने झुलंगे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- लम्कीचुहा नगरपालिका वडा नं. ४ को छोड्की बलिया र वडा नं. ६ लोहारपुर जोड्ने चोरी नदिमा पक्की पुल निर्माणका लागि विशेष पहल गरिनेछ ।
- 
- वडा नं. १० जनता अस्पताल नजिक झुलङ्गे पुल निर्माण गर्न विशेष पहल गरिनेछ ।
- वडा नं. ४ र ६ जोड्ने झुलङ्गे पुल निर्माण गर्न विशेष पहल गरिनेछ ।
- सुतैया बनखेत जोड्ने झुलङ्गे पुल निर्माण गर्न विशेष पहल गरिनेछ ।
- बर्दगोरिया गाउपालिका र वडा नं. ८ जोड्ने झुलङ्गे पुल निर्माण गर्न विशेष पहल गरिनेछ ।

९९ नगर क्षेत्रभित्रका अत्यावश्यक भएको स्थानमा ह्युमपाइप, कल्भेट तथा जैविक तटवन्धन योजनाको अवस्था हेरी निर्माण गरिनेछ ।

१०० नगर क्षेत्रसंग जोडिएको राष्ट्रिय गौरवको आयोजना सेती लोकमार्गको निर्माण कार्य द्रुत गतिमा अगाडि बढाउन आवश्यक सहयोग गरिनेछ ।

## उर्जा, लघु तथा साना जलविद्युत तर्फका नीति तथा कार्यक्रमहरु :

१०१ विद्युत सहकारी संस्थाहरुको आवश्यक अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाईने छ ।

१०२ सडकको किनारा तथा बिचमा अव्यवस्थितरुपमा रहेका विद्युत पोलहरुको व्यवस्थापनलाई कार्यान्वयन गर्न सम्बन्धित निकायलाई पहल गरिने छ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**सुचना तथा संचार तर्फका नीति तथा कार्यक्रमहरुः**

१०३ सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार गर्नका लागि नगरपालिकाको प्रत्येक वडा कार्यालयमा विद्युतीय सुचना पार्टीको अनिवार्य व्यवस्था गर्न र इन्टरनेट पद्धति अनिवार्य गरिने छ ।

१०४ लम्कीचुहा नगरपालिका क्षेत्रभित्र शान्ति सुव्यवस्था कायम गर्नका लागि महेन्द्र राजमार्ग तथा नगर क्षैत्रको महत्वपूण चोकहरुमा **सी.सी. क्यामरा जडान** गर्न विशेष पहल गरिनेछ ।

१०५ **जनतासँग नगर प्रमुख कार्यक्रम**लाई सुचना प्रवाहका लागि प्रत्यक्ष सार्वजनिक सम्वाद कार्यक्रम निरन्तरता दिईनेछ ।

१०६ नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम.रेडियो तथा टी.भी.को प्रसारण, सञ्चालन, दर्ता, नवीकरण आदि सम्बन्धी आवश्यक नीति बनाई व्यवस्थित गरिने छ ।

## घ.वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ :

**जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा जोखिम न्युनिकरण तर्फका नीति तथा कार्यक्रमहरु :**

१०७ कोरोना भाईरसको नियन्त्रण तथा रोकथामका लागि नगरपालिकाको एक छुट्टै विपद व्यवस्थापन कोष बनाई आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१०८ जैविक विविधता संरक्षण मार्फत पानीको स्तर कायम राख्न र जलवायु अनुकुलनताका लागि नगर क्षेत्रका ताल तलैयाको संरक्षण तथा सम्बर्द्धन गर्न विशेष जोड दिइने छ ।

१०९ नगर क्षेत्र भित्रका मुख्य सडक तथा सार्वजनिक स्थानहरुमा विकास साझेदारहरुको सहकार्यमा हरियाली विकास निर्माण गरि Clean and Green City अभियान सञ्चालनमा निरन्तरता दिईनेछ ।

११० वारुण यन्त्र संचालनलाई प्रभावकारी बनाइने छ ।

१११ जलिय जैविक विविधता संरक्षणको लागि आवश्यक ऐन कानुन निर्माण गरिनेछ ।

**वातावरण संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन तर्फका नीति तथा कार्यक्रमहरुः**

११२ नगरक्षेत्रमा गठित टोल विकास संस्थाहरुलाई फोहोरमैला व्यवस्थापन, योजनाको निर्माण तथा योजनाको अनुगमन कार्यमा सहभागी गराई सबै नगरबासी नागरिकलाई विकासमा सहभागिताका लागि जवाफदेहिता कायम गराइने छ ।

११३ सफा र कटान रहित नदिनाला र स्वस्थ पर्यावरण, हरित उद्यान र स्वस्थ वातावरण निर्माण गर्न नगर क्षेत्रभित्र रहेका चोरी, रोरा, धुपेनी, पथरिया र चरेला नदि कटानले वर्षेनि मानविय बस्तीमा ठुलो क्षेतिपुग्न गएकोले सोको जोखिम व्यवस्थापन गर्न दिगो तथा वैज्ञानिक नदि तटबन्धन कार्यको शुरुवात भई सकेको स्थल नदि किनारमा वृक्षारोपण गरी पर्यावरणको विकास एवं हरितमार्ग निर्माण गर्ने ।

११४ नगर क्षेत्र भित्र उत्पादित फोहोरमैला व्यवस्थापनका लागि फोहोरलाई मोहोरमा रुपान्तरण गर्न जैविक फोहोरबाट प्राङगारिक मल उत्पादन गर्ने र अजैविक फोहोरलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्थाको पहल गर्ने ।

११५ लम्की बजारमा घुम्ती शौचालयको आवश्यक व्यवस्थापन गरिनेछ ।

११६ लम्कीचुहा नगर क्षेत्रभित्र डुवानको जोखिममा रहेका बस्तीहरुको उचित व्यवस्थापन गरिनेछ ।

११७ लम्कीचुहा नगरपालिका वडा नं ३ बलचौरमा जैविक मल उत्पादन तथा गौमुत्र संकलनको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

११८ फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट निर्माण कार्यका लागि आवश्यक बजेटको व्यवस्था गर्न विशेष पहल गरिनेछ ।

११९ मानव मलमुत्र फोहोरमैला व्यवस्थापन प्रशोधन केन्द्र निर्माण गरि डेलिभरीको व्यवस्था गरिनेछ ।

१२० कुहिने फोहोरलाई प्राङ्गारिक मल बनाउने अभियानलाई प्रोत्साहन गरिने छ ।

१२१ नगर सरसफाई तथा फोहर व्यवस्थापन र नगरको शान्तीका लागि नगरबासीलाई परिचालन गरिनेछ ।

१२२ नगर क्षेत्र समस्या र आवश्यकताको पहिचानलाई मधयेनजर गरी उचित ढल व्यवस्थापन कार्यमा विशेष जोड दिइने छ ।



लम्कीचुहा नगरपालिका

**वन, भूसंरक्षण तथा जैविक विविधता तर्फका नीति तथा कार्यक्रमहरु:**

१२३ प्राकृतिक स्रोत र सम्पदाको समुचित सदुपयोग गर्दै दिनानुदिन मासिदै वन क्षेत्रका दिगो वन विकास कार्यक्रम संचालन गरी स्वच्छ हावा, स्वस्थ दिमाग र सभ्य समाज निर्माण अभियानमा जोड दिइने छ।

१२४ अव्यवस्थित औद्योगिकरणलाई व्यवस्थापन गर्दै सुन्दर नगर, सभ्य समाज निर्माण गर्न वातावरण संरक्षण तथा सम्बर्द्धनका कार्यक्रममा विशेष जोड दिइने छ।

१२५ सामुदायिक वनहरुमा जडीबुटी औषधी खेति गर्नलाई प्रोत्साहन गरिने छ।

१२६ एक वन एक कान्जी हाउस निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१२७ **एक वन एक नर्सरी, शुद्ध हावा स्वच्छ जीवन** कार्यक्रम लागु गरिने छ।

१२८ धार्मिक वनहरुलाई प्रोत्साहनमुलक कार्यक्रममा समावेश गरिने छ।

१२९ सामुदायिक वन क्षेत्रभित्र चिल्ड्रन पार्क तथा नगर उद्यानहरु निर्माण गर्न पहल गरिनेछ।

१३० एक वन एक उत्पादन क्षेत्र घोषणा गरी सामुदायिक वन क्षेत्रभित्रको जग्गामा मसलाजन्य विरुवा तथा जडिबुटी लगाई व्यवसायिक खेति प्रणालीको शुरुवात गरिनेछ।

१३१ वडा भेलाबाट छनौट भई आएका योजना अर्न्तगत जैविक तटबन्धन कार्यक्रमलाई प्राथमिकताका साथ जोड दिइने छ।

१३२ लम्कीचुहा नगरपालिका अर्न्तगत कालोपत्रे सडकहरुमा अनिवार्य रुपमा हरितमार्ग सहितको वृक्षारोपणलाई विशेष जोड दिईनेछ।

१३३ **फलफुल वृक्षारोपण नगर** अभियानलाई विशेष कार्यक्रमका साथ लागु गरिने छ।

१३४ बनमा आधारित गट्टु निर्माण उद्योग स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

## ङ.संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ

**वित्तिय व्यवस्थापन तथा शुसासन तर्फका नीति तथा कार्यक्रमहरु :**

१३५ स्थानीय निकायका स्थायी/अस्थायी/करार, ज्यालादारी कर्मचारीको उचित व्यवस्थापन गरी कर्मचारीलाई कर्तव्यनिष्ठ, जनउत्तरदायी, सेवाप्रति बफादार बनाइने छ।

१३६ कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिनेछ।

१३७ प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३८ नगरकार्यपालिकाको कार्यालय अन्तर्गतका सम्पूर्ण शाखा तथा वडा कार्यालयहरुमा नागरिकको सहजताको लागि नागरिक वडापत्रको व्यवस्था गरिनेछ।

१३९ नगरपालिका तथा वडा कार्यालयहरुवाट प्रवाह हुने पञ्जिकरणलाई स्फट्वेयरको माध्यमवाट प्रविधिमैत्री बनाइनेछ।

१४० अनलाईन घर नक्सा पासको व्यवस्था गरिनेछ।

१४१ नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित तथा पारदर्शि बनाई सूचनामा नागरिकको पहुँच बढाउन विद्युतिय सुचना पाटीको व्यवस्था गरिनेछ।

१४२ भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अवलम्बन गरिनेछ।

१४३ नगरपालिकाको सेवा सञ्चालनसंग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन तयार गर्न सेवा परामर्श खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।सूचनातथा सञ्चार प्रविधिको प्रयोग गरि सार्वजनिक सेवालाई चूस्त, दुरुस्त र प्रभावकारी बनाइने छ।

१४४ नगरपालिका भित्रका सरकारी कार्यालयमा केन्दिकृत हाजिरीको व्यवस्थागरि ताँहा कार्यालयका काम कारर्वाही नगरपालिकाबाट नै नियमन र अनुगमन गरिने छ।

१४५ नगरका सेवा र सूचनाहरु अनलाइनमार्फत प्रवाहित गरि सेवा र सूचनामा सबैको पहुच पुचाउन नगरपालिका र यसका वडाहरुबाट उपलब्धहुने सेवाहरुलाई विद्युतीय प्रणालीका माध्यमबाट उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ।

१४६ न्यायिक समितिका कामकारबाहीलाई थप प्रभावकारी बनाई वडा स्तरिय मेलमिलाप समिति मार्फतन्यायिक कार्यलाई छिटो र छरितो रुपमा संचालन गरिनेछ।

१४७ राजश्व संकलन तथा त्यसको परिचालन न्यायोचित तथा मितव्ययी बनाईनेछ।



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

१४८ नगरपालिका अन्तर्गतका शाखा तथा कार्यालयवाट सम्पादन हुने सम्पूर्ण कार्यहरुको बारेमा आम नागरिकमा जानकारी तथा सुझाव संकलनका लागि चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।

१४९ नगरकार्यपालिका तथा अन्तर्गतका शाखा तथा कार्यालयहरुवाट सञ्चालन गरिएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सम्वन्धित स्थानहरुका लाभान्वित समुदायसंग सो योजना तथा कार्यक्रमको बारेमा सामाजिक परिक्षण गरिनेछ ।

१५० नगरकार्यपालिकाको कार्यालयवाट विभिन्न योजना तथा कार्यक्रमको भुक्तानी दिईदा भुक्तानी दिइएको रकम तथा विवरण कार्यालयको नोटिस बोर्डमा राख्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका निति तथा कार्यक्रम :**

१५१ स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारिको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिकमा अधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक अयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गराइनेछ ।

१५२ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई थप शसक्त रुपमा कार्यान्वयन गरिनेछ ।

१५३ आफ्नो माटो चिनौ, आफ्नै गाउँ बनाऔं स्वलम्बन अभियान संचालन गरि युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ ।

१५४ रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार श्रमिकलाई रोजगार दिनका लागि प्रत्येक वडामा कम्तिमा ५ लाख बराबरको बजेटको व्यवस्थापन गरिनेछ ।

१५५ नगरपालिकामा संचालित संघ, प्रदेश र स्थानिय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारबाट नै लगाईने व्यवस्था गरिनेछ ।

१५६ एक करोड भन्दा कम बजेटका योजनामा ह्याभी इक्युमेन्टको प्रयोगमा पूर्णरुपमा रोक लगाई बेरोजगार सूचिमा सूचिकृत श्रमिकलाई काममा लगाईने व्यवस्था गरिनेछ ।

१५७ बेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शांकन कार्य अघि बढाईनेछ ।

१५८ बेरोजगारहरुको ज्ञान, सिप, योग्यता, अनुभब र बजारको मागका आधारमा आवश्यक पर्ने सिप विकास तालिमको पहिचान गरि सम्बन्धि तालिम केन्द्रमा सिफारिस गरिनेछ ।

१५९ दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

१६० संघ तथा प्रदेश सरकारले ल्याएको रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

१६१ स्थानीय स्तरमा रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी, सहकारी तथा गैह्रसरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

१६२ युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१६३ श्रम समबन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।

१६४ रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।

१६५ नगरपालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार श्रमिकलाई परिचालन गर्न योजनाको कुल बजेटको कम्तीमा २५ प्रतिशत रकमश्रमिकको ज्यालाको लागीछुट्याइनेछ ।

१६६ भारत तथा बैदेशिक रोजगारीबाट फर्किएका,रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन बिउँ पुजी उपलब्ध गराउने गरि आवश्यक व्यवस्था गरिनेछ ।

१६७ कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस नगरपालिकाको नीति हुनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

अन्तमा, लम्कीचुहा नगरपालिकाको विकासको गतिशिलतालाई समृद्धिको यात्रामा लक्ष्य उन्मुख बनाउन यति बेला मुलुक कोरोना भाईरसबाट ग्रसित भईरहेको छ । यस्तो संकटपूर्ण अवस्थामा लम्कीचुहा नगरपालिकाको

आठौं नगरसभा अधिवेशनबाट आर्थिक वर्ष २०७८/०७९ को निति, कार्यक्रम तथा योजनाहरुलाई प्रभावकारी एवं ढंगबाट संचालन गर्न हाम्रो सामु ठुलो चुनौति सृजना भएको छ । यस्तो महामारी संकटको बेला मैले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी बनाउन तथा यसको सहि सदुपयोग गर्न सबै तह र तप्काबाट अतुलनिय रुपमा निरन्तर सहयोग र सहकार्य हुनेछ भन्नेमा मपूर्ण विश्वस्त छु ।

यस नगरसभा अधिवेशनमा प्रभावकारी रुपमा प्रस्तुत नीति तथा कार्यक्रम निर्माण गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु, कियाशिल राजनितिक दलका मित्रहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि ज्युहरु, आमन्त्रित विषय विज्ञ, नगरपालिकाका कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु लगायत नगरवासी दाजुभाई तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । लम्कीचुहा नगरपालिकाको समुन्नत विकास प्रक्रियामा आजका दिनसम्म म र मेरो सिंगो जनप्रतिनिधिहरुको टिमलाई सहयोग उपलब्ध गराउने संघिय सरकार, सुदुरपश्चिम प्रदेश सरकार, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्रप्रति हृदयदेखि आभारी छु साथै यस्तै खालको सहयोग सदैब जारी रहनेछ भन्ने विषयमा आत्मविश्वास गर्दै पुनः लम्कीचुहा नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गदै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त भई समृद्ध नगर निर्माणको अभियानमा सहयात्री बन्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

महादेव बजगाई
**नगर प्रमुख**

हार्दिक धन्यवाद सहित अभिवादन !!

**०६ अषाढ २०७८**



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली